# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, पुस २३ गते २०४७ साल (संख्या ३८

## भाग ३

श्री ५ को सरकार

### राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

#### राष्ट्रिय जनगणना २०४८ को आदेश, २०४७

तथ्याङ्क ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "राष्ट्रिय जनगणना २०४८ को आदेश, २०४७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा विभाग भन्नाले केन्द्रीय तथ्याङ्क विभाग सम्झनु पर्दछ ।

३. राष्ट्रिय जनगणना २०४८ को लागि तथ्याङ्क सङ्कलन गर्न सक्ने: विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको यकिन जनसंख्या, जनताको आर्थिक तथा सामाजिक तथ्य चित्रण, धर्म, बसाई-सराई, शैक्षिक योग्यता, वैवाहिक स्थिति, मातृत्व तथा आम्दानी हुने काममा लागेको वा नलागेको व्यक्तिहरूको विवरण समेत प्राप्त गर्नको लागि २०४८ सालमा गरिने राष्ट्रिय जनगणनाको सन्दर्भमा अनुसूची १ र २ बमोजिमका कुराहरू सोधी जनगणनाको कार्य गर्न गराउन सक्नेछ ।

४. अधिकृत तथा कर्मचारीहरूको नियुक्ति र मनोनयनः विभागले दफा ३ बमोजिम जनगणना गर्ने कामको लागि अधिकृत तथा कर्मचारीहरू नियुक्ति गर्न वा मनोनयन गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार: (१) जनगणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित परिवारको मुख्य वा जिम्मेवार व्यक्तिसँग सोधपूछ गरी अनुसूची १ र २ मा उल्लेखित कुराहरूसँग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु भराउनुपर्छ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरण वा फारामहरूलाई जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कार्यालयमा बुझाउनुपर्छ।

(३) उपदफा (१) बमोजिमको काममा लागेको अवधिको निमित्त जनगणनाको काम गर्ने अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिए-बमोजिम पारिश्रमिक र भत्ता पाउनेछ।

६. जनगणना गर्ने काममा सहयोग गर्नुपर्ने: जनगणना गर्ने कामसँग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीहरूलाई सहयोग गर्नु श्री ५ को सरकारको सबै कार्यालयहरू, सरकारी वा गैर-सरकारी संस्थानहरू, स्थानीय ग्राम विकास समिति, नगरपालिका तथा सबै नागरिकको कर्तव्य हुनेछ।

७. सङ्कलित तथ्याङ्कको उपयोग: सङ्कलित तथ्याङ्कलाई विभागले सम्पादन गरी त्यसको आधारमा जनगणनाको प्रतिवेदन प्रकाशित गर्नेछ।

तर प्रतिवेदन प्रकाशित नहुँदै विभागले आवश्यक ठानेमा सङ्कलित तथ्याङ्क-बाट तयार गरिएको समष्टी वा आंशिक रूपमै पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सकिनेछ।

## अनुसूची–१
### (दफा ३ सँग सम्बन्धित)
### पारिवारिक लगत

१. घरको क्रमसंख्या:–

२. घरको प्रकार (कच्ची, पक्की, कच्ची।पक्की, अन्य):–

३. परिवारको क्रमसंख्या:–

४. परिवारको मूलीको नाम, थर:–

५. परिवारको सदस्यसंख्या (स्त्री, पुरुष, जम्मा):–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. परिवारले प्रयोग गरेको घर। घरखण्ड (निजी, बहाल। भाडा, अन्य):–

७. बितेको १२ महिनामा परिवारमा कसैको मृत्यु भएको भए मृतकको उमेरः–

८. परिवारबाट अनुपस्थित व्यक्ति विदेश गएको भए गएको ठाउँ, गएको कारण, गएको वर्ष, लिङ्गः–

९. कृषिको चलन (जग्गाको इकाई, क्षेत्रफल, चौपाया पालेको भए संख्या):–

१०. परिवारले कृषि बाहेक आफ्नै कुनै साना। घरेलु व्यवसाय चलाएको भए कुन व्यवसाय, व्यवसायमा नियमित काम गर्ने संख्याः–

११. परिवारको प्रयोगमा रहेको रेडियो, ट्रान्जिष्टर छ, छैनः–

## अनुसूची–२

(दफा ३ सँग सम्बन्धित)

### व्यक्तिगत लगत

सबै परिवारलाई सोध्ने

१. परिवारका व्यक्तिको नाम, थरः–

२. जात। जातीः–

३. पुरुष वा स्त्रीः–

४. उमेरः–

५. मूलीको नाताः–

६. धर्मः–

७. बोल्ने भाषा (मातृभाषा र दोस्रो भाषा):–

८. नागरिकताः–

९. जन्मस्थलः–

१०. एक वर्षअघि बसोवास गरेको ठाउँः–

६ वर्ष र माथिको उमेरकालाई मात्र

११. लेखपढः–

१५ देखि ४९ वर्षसम्म उमेरका महिलाहरूलाई मात्र

१२. हालसम्म जाय जन्म भएका छोरा, छोरी संख्याः–

१३. पछिल्लो बच्चा जन्मेको साल र महिनाः–

१० वर्ष वा सोभन्दा माथिको उमेरकालाई मात्र



३६९
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।